Department for International Development

UKaid from the British people

# नेपाल विकास परियोजना समीक्षा
# (सन् २०१३/२०१४)

नेपालमा संयुक्त अधिराज्य बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास मन्त्रालय (डीएफआईडी)का क्रियाकलापहरुको प्रगति सारांश



संयुक्त अधिराज्य बेलायतको सहयोगमा जुम्लामा सञ्चालित स्थानीय विकाससम्बन्धी कार्यक्रमहरुको अनुगमनमा आफ्ना अनुभव एवम् दृष्टिकोणहरु आदान-प्रदान गर्दै स्थानीय महिलाहरु

# डीएफआईडी नेपालको कार्य सञ्चालन योजना (सन् २०११-२०१५)

डीएफआईडी (संयुक्त अधिराज्य बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास मन्त्रालय)-नेपालको पछिल्लो कार्य सञ्चालन योजना सन् २०१० मा तयार पारिएको हो जसअन्तर्गत हामीले सन् २०११ देखि २०१५ सम्मको अवधिमा बेलायती विकास सहायता ३३ करोड १० लाख पाउण्ड रहने प्रतिबद्धता जनाएका थियौं । नेपालमा दिगो शान्ति र विकासको लक्ष्य हासिल गर्न महत्वपूर्ण हुने विश्वासका साथ तयार पारिएको यो हाम्रो कार्य सञ्चालन योजना चारखम्बे नीतिका आधारमा निर्माण गरिएको छः (१) सुशासन र सुरक्षा, (२) समावेशी पुँजी निर्माण, (३) सेवा प्रवाह, र (४) प्रकोप तथा जलवायु परिवर्तन अनुकूलन । हाम्रा सम्पूर्ण कार्यक्रमहरुमा लैङ्गिक एवम् सामाजिक समावेशीकरणका विषयहरु प्रमुख अन्तरसम्बन्धित विषयका रुपमा रहेका हुन्छन् । यी विषयहरु हाम्रा उपलब्धिहरुमा पनि प्रतिबिम्बित हुने गर्दछन् ।

सन् २०१५ सम्ममा हामी नेपाल सरकारसँग साझेदारी गरी निम्न उपलब्धिहरु हासिल गर्नेछौं:

- २ लाख ३० हजार रोजगारी सिर्जना गर्ने, तीमध्ये ५० प्रतिशत महिलाका निम्ति हुने ।
- ४ हजार किलोमिटरभन्दा बढी सडक निर्माण तथा मर्मत-सम्भार गर्ने ।
- विपन्न समुदायका ४० लाख मानिसहरूका निम्ति जलवायु एवम् प्रकोप सिर्जित जोखिमपना न्यूनीकरण गर्ने, तीमध्ये महिलाको संख्या आधा हुने ।
- वन कार्यक्रम मार्फत् ५ लाख ७० हजार मानिसलाई गरिबीबाट माथि उकास्ने,* यी मध्ये महिलाको संख्या ५५ प्रतिशत हुने ।
- ९३ प्रतिशत स्थानीय सरकारी निकायले योजनाहरूको सार्वजनिक लेखापरीक्षण गर्ने ।
- ७० लाख मानिसलाई संविधानसभाको निर्वाचनमा भोट हाल्न सहयोग गर्ने ।
- ४ लाख अनिच्छुक गर्भ रोक्ने ।
- २ लाख ५० हजार मानिस (५१% महिला) लाई सुरक्षित शौचालयको सुविधा पुऱ्याउने ।

**विस्तृत जानकारीका लागि यी वेबसाइट हेर्नुहोस्** :*DFID Nepal Operational Plan & Summary of the OP*
हामीलाई पछ्याउनुहास् *ट्वीटरमा twitter @DFIDNepal र फेसबुकमा* *www.facebook.com/NepalDFID*
ई-मेल: nepal-enquiries@dfid.gov.uk; मिडिया सोधपुछका लागि: pressoffice@dfid.gov.uk


*गरिबी निवारणलाई जनाउने खालका मानिसहरूको सुधारिएको जीविकोपार्जनको मापनका सूचकहरूको निर्धारण र लक्ष्य प्रमाणीकरणमा केही ढिलाइ भएको ।

## नेपाली नागरिकका लागि हासिल भएका उपलब्धिहरू


डीएफआईडी नेपालले परिणामहरू तर्फ जुन ढङ्गले ध्यान केन्द्रित गरेको छ त्यसले हाम्रा समग्र विकास परियोजनाका नतिजाहरूबाट हासिल हुनुपर्ने उपलब्धिहरूलाई नै सुनिश्चित गर्दछ । यसको अर्थ, तिनलाई हामी तल प्रस्तुत गरिए झैं सञ्चार समेत गर्नसक्ने अवस्थामा रहन्छौं । तल प्रस्तुत गरिएका परिणामहरू नेपालमा हामीले हासिल गरेका परिणामहरूमध्ये केहीमात्र हुन् । ती उदाहरणहरूले सन् २०१३/२०१४ को अवधि र हाम्रो आजका मितिसम्मको कार्यसञ्चालन योजना अवधि गरी दुवै अवधिमा हासिल गर्न खोजिएका नतिजाका मुख्य शीर्षकहरूकै आधारमा भएका प्रगतिलाई प्रस्तुत गरेका छन् ।

### *सुशासन र सुरक्षा*

- हामीले सन् २०१३/१४ मा निर्वाचनका लागि महत्वपूर्ण सहायता उपलब्ध गरायौं र झण्डै १ करोड मानिसले मतदान गर्नेगरी योगदान गर्‍यौं, जसमा आधाभन्दा बढी महिलाहरू नै थिए ।





- स्थानीय शासन प्रक्रियामा डीएफआईडीले गरेको सहायताबाट ८१% सरकारी परियोजनालाई जवाफदेहितापूर्ण कार्यको रुपमा रहेको सार्वजनिक लेखापरीक्षण गर्न योगदान पुगेको छ । भविष्यमा यसलाई वृद्धि गरी ९०% पुर्‍याउन हामी नेपाल सरकारलाई सहायता गर्नेछौं ।




*पुँजी निर्माण*

- नेपालमा डीएफआईडीका कार्यक्रमहरुबाट रोजगारी पनि सिर्जना भएको छ। यसअन्तर्गत विगत तीन वर्षमा कुल १ लाख ५० हजार मानिसका लागि यस्तो रोजगारीको अवसर उपलब्ध भएको छ जसमध्ये सन् २०१३/१४मा मात्रै ५० हजारभन्दा बढीलाई यस्तो रोजगारी प्राप्त भएको छ। यसरी रोजगारी पाउनेमा ४० प्रतिशत महिलाहरु रहेका छन्।





- डीएफआईडीको सहयोगले नेपालमा मानिसहरुलाई एक-आपसमा जोड्न पनि मद्दत गरेको छ। यसअन्तर्गत विगत तीन वर्षमा कुल ४ हजार किलोमिटर सडकको निर्माण तथा मर्मत-सम्भार गरिएकोमा सन् २०१३/१४ मा मात्रै २ हजार ५ सय किलोमिटर सडकको निर्माण तथा मर्मत-सम्भार गरिएको छ।




***सेवाप्रवाह***

- सन् २०१२/१३ मा (हामीलाई जानकारी उपलब्ध भएमध्येको पछिल्लो वर्ष)** डीएफआईडीले नेपालको स्वास्थ्य-क्षेत्रसम्बन्धी कार्यक्रममा गरेको सहयोगबाट ८० हजार अनिच्छुक गर्भ रोक्न मद्दत पुगेको छ ।




- डीएफआईडीका कार्यक्रमको सहयोगमा विगत तीन वर्षमा झण्डै ३ लाख ५० हजार मानिसहरुले सुरक्षित शौचालयको सुविधा हासिल गरेका छन् भने सन् २०१३/१४ मा मात्रै १ लाख ४० हजार मानिसहरु यस्तो सुविधाबाट लाभान्वित भएका छन् ।





---


**सन् २०१३/१४ को जानकारी तत्काल उपलब्ध हुन सकेको छैन । यो जानकारी स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (एचएमआईएस) मार्फत् यसै वर्ष अलि पछि उपलब्ध हुनेछ ।

*जलवायु परिवर्तन तथा प्रकोप उत्थानशिलता*

- डीएफआईडीका कार्यक्रमको सहयोगमा विगत दुई वर्षमा २० लाखभन्दा बढी मानिसले जलवायु परिवर्तन तथा प्रकोप उत्थानशिलताको क्षमता अभिवृद्धि गरेकोमा सोमध्ये सन् २०१३/१४ मा मात्रै झण्डै १५ लाख मानिसले यस्तो क्षमता अभिवृद्धि गरेकाछन् ।





- डीएफआईडीको वन कार्यक्रमको सहयोगमा विगत तीन वर्षमा दुई लाखभन्दा बढी मानिसले आफ्नो जीविकोपार्जनमा सुधार गरेकाछन् । उनीहरुमध्ये आधाभन्दा बढी महिला छन् । सन् २०१३/१४ मा मात्रै यसरी डीएफआईडीको वन कार्यक्रमको सहयोगमा जीविकोपार्जनमा सुधार गर्नेको संख्या १ लाख ३४ हजारभन्दा बढी रहेको छ ।***




***यो गरिबी निवारणको प्रतिनिधिमूलक सूचक हो यद्यपि यससम्बन्धी तथ्याङ्क कार्यसञ्चालन योजनाको लक्ष्यसँग प्रमाणीकरण गर्न भने बाँकी छ ।

# डीएफआईडीले नेपालमा गरेको खर्च (सन् २०१३/१४)

डीएफआईडीले नेपालमा सन् २०१३/१४ मा द्विपक्षीय विकास सहायतामार्फत् १० करोड ४७ लाख पाउण्ड लगानी गरेको छ जुन **नेपालमा लगानी गरिरहेका द्विपक्षीय विकास साझेदारहरूको लगानीमध्ये सबैभन्दा उच्च** हो । डिएफआईडीको वार्षिक प्रतिवेदन तथा लेखाका अनुसार, सन् २०१३/१४ मा नेपालमा बेलायती सहायतालाई निम्न बमोजिम विभाजन गरिएको छ:





डीएफआईडीका परियोजनाहरुका सबै प्रकारका विस्तृत खर्च र वार्षिक समीक्षा तथा सम्पन्न भएका परियोजना प्रतिवेदनहरुका लागि Development Tracker ‘लिङ्क’मा ‘क्लिक’ गर्नुहोस् । यस्तो विवरण तल दिइएको अनुसूची (Annex A) मा पनि हेर्न सकिने छ । डीएफआईडीले आफ्ना खर्चका विवरणहरु अन्तर्राष्ट्रिय विकाससम्बन्धी प्रकाशनमा पनि उल्लेख गर्ने गर्दछ, जुन Statistics at DFID मा उपलब्ध छ ।

# डीएफआईडी नेपालको कार्य-सम्पादन (सन् २०१३-१४)
**(Portfolio Performance)**

### परिचय

नियमित तथा प्रभावकारी मूल्याङ्कन, पुनरावलोकन र सिकाइहरु डीएफआईडीले आफ्ना परियोजनाहरुको प्रभाव मापन गर्ने एवम् पैसाको सदुपयोग भए-नभएको ('भी.एफ.एम.' अर्थात् 'भ्यालु फर मनी') देखाउने मुख्य माध्यमहरु हुन् । हामीले गर्ने गरेका आफ्ना परियोजनाहरुको हिसाब राख्ने तरिकासहित हामी आफ्ना परियोजनाहरुको समीक्षा कसरी गर्दछौं भन्ने कुरा पनि महत्वपूर्ण छ किनकि यसकै आधारमा हाम्रा प्रगतिहरुलाई योजनाहरुसँग उद्देश्यमूलक तथा पारदर्शी तरिकाले दाँज्दै लैजान सकिन्छ ।


सन् २०१२, जनवरीबाट डीएफआईडीले अनुमानित नतिजामध्ये हासिल भएका वास्तविक उपलब्धिहरुमा विशेष रुपले केन्द्रित भई अङ्कहरु दिएर सोही आधारमा आफ्ना परियोजनाको समीक्षा गर्ने नयाँ तरिका केन्द्रीय तहमै सुरू गरेको छ । डीएफआईडी नेपालले स्वीकृत समयावधिभित्रै सन् २०१३/१४ को लक्षित समीक्षा पनि सम्पन्न गरेको छ र तलको रेखा-चित्रमा सो समीक्षामा प्राप्त अङ्कको सारांश दिइएको छः




यसले गत वर्षको कार्यसम्पादन निकै राम्रो भएको सङ्केत गर्दछ । सन् २०१३/१४ मा समीक्षा गरिएका १८ मध्ये १६ वटा परियोजनाको स्कोर 'A' छ अर्थात् यो ८९% भन्दा माथि छ । *न्यूनतम* अपेक्षित नतिजा हासिल गर्ने परियोजनाका निम्ति यो 'A' स्कोर दिइन्छ ।

## परियोजनाका जोखिम

परियोजनाका जोखिमको मूल्याङ्कनमार्फत् पनि समीक्षा स्कोर (अङ्क)लाई सान्दर्भिक बनाउनु आवश्यक हुन्छ । तल दिइएको रेखा-चित्रले परियोजनाको जोखिमसँग परियोजनाको समग्र स्कोरमाथि विचार गरेको छ जसलाई परियोजनाका उपलब्धिको सफलतामा खतरा निम्त्याउने जोखिमका रुपमा परिभाषित गरिएको छ ।




माथिको रेखा-चित्रले 'A' वा सोभन्दा माथिको स्कोर ल्याउने १६ मध्ये १० परियोजनालाई मध्यम वा उच्च जोखिममा रहेको भनी मापन गरिएको भनेर देखाएको छ। स्कोर 'B' रहेका परियोजनालाई अपेक्षा हासिल नगर्ने रुपमा मूल्याङ्कन गरिएको छ र त्यहीकारण त्यस्ता परियोजनालाई मध्यम किसिमको जोखिम रहेको रुपमा मापन गरिएको छ।

सारांशमा, माथिका रेखाचित्रहरु सन् २०१३/१४मा डीएफआईडी नेपालको कार्यसम्पादन राम्रो रहेको मूल्याङ्कनका प्रमाणहरू हुन् जसले चुनौतीपूर्ण सेवाप्रवाहका सन्दर्भमा कार्यसञ्चालनमा रहेका जोखिमहरुको उपयुक्त सन्तुलनलाई पनि स्पष्टरुपमा औंल्याएका छन् । यसैगरी डीएफआईडी नेपालले सन् २०१४/१५ मा कार्यक्रम व्यवस्थापनका सबै पक्ष, विगतका वार्षिक समीक्षाको सहकर्मी समीक्षा (peer review) तथा सुझावलाई सबलीकृत गर्ने कार्यलाई निरन्तरता दिनु ध्यानयोग्य देखिएको छ।

केही सफलताका कथाहरू

# यूके एडको सहयोगले न्यायमा पहुँच स्थापित गर्न मद्दत पुऱ्यायो



सिर्जना खनाल (नाम परिवर्तन)ले भारत पुगेपछि राम्रो शिक्षा पाउने ठूलो आशा गरेकी थिइन् । घरको कामकाज गरिदिएको बदलामा मामाले भारतको कुनै बोर्डिङ स्कुलमा भर्ना गरिदिने कुरामा सिर्जनाकी आमालाई पनि आश्वस्त तुल्याएका थिए । दुःखद कुरा, मामाले आफ्नो वचन पूरा गरेनन्, बरु सिर्जनालाई बारम्बार दुर्व्यवहार र बलात्कार गरिरहे । सिर्जना सानोतिनो कमाइबाट भएको बचत तथा डीएफआईडीको सहयोगमा स्थापित पारालिगल कमिटी (पिएलसी) मा सम्पर्क राख्न सफल भइन् । त्यहाँबाट उनको उद्धार पनि गरियो । उनी हाल औषधोपचार गराइरहेकी छिन् र पूर्ण शारीरिक लाभ हासिल गर्ने क्रममा छिन् । उनलाई भावनात्मक लाभ हासिल गर्न चाहिँ केही बढी समय लाग्नेछ ।

पीएलसी सदस्यमा चुनिएपछि उत्साहित भएकी समाजमा पछाडि पारिएको समूहकी एउटी महिला अरु युवा महिलाहरुलाई पनि पीएलसीमा आबद्ध हुन प्रेरणा दिँदै ।

तस्वीरः युनिसेफ

चितवनको कुमरोजकी सीता चौधरी (२०) र बिमला गुरुङ (२१)लाई आफ्नै छिमेकीहरुले बेचबिखन गरी भारतको कोलकाता पुऱ्याए । उनीहरूलाई सुरूमा केही दिन घरेलु श्रमिकका रुपमा काममा लगाइयो तर केही दिनपछि जबर्जस्ती व्यावसायिक यौनकर्मीका रुपमा काम गर्न बाध्य पारियो । ती दुवैजना गोप्यरुपमा कुमरोजको पिएलसीमा फोन गर्न सक्षम भए र पिएलसीका सदस्यहरूलाई आफूमाथि भएका ज्यादतीबारे जानकारी गराए । यही जानकारीका आधारमा पिएलसीका सदस्यहरू र पीडितका परिवारका सदस्यहरूले प्रहरीमा उजुरी दर्ता गराए र उनीहरुलाई उद्धार गरियो । ती दुवैले समाजमा वञ्चतीकरणको परिस्थिति सामना गर्नु परेका कारण आजभोलि पिएलसीले उनीहरूलाई समुदायमा पुनर्मिलन गराउने काम गरिरहेको छ ।

यूके एडको लगानी रहेको पारालिगल कार्यक्रममार्फत् महिला र बालिकाहरूमाथि हिंसा न्यूनीकरण गर्नेतर्फ भइरहेका कार्यक्रमले नेपालमा परिवर्तनको अनुभूति भएको छ । तथापि, लैङ्गिक हिंसाका पीडितले सही न्याय पाउनका लागि अझै धेरै काम गर्न बाँकी नै छ ।

-------

# जहाँ इच्छा, त्यहाँ उपाय - कामना कटुवाल

### तालिमअघिको मेरो जीवन

म दोलखाको एउटा गरिब परिवारमा जन्मिएकी हुँ । केटी मान्छेहरूले पढ्नु हुँदैन भन्ने धारणा मेरो गाउँमा अहिले पनि विद्यमान छ । यस्तो धारणाका बीच पनि मैले जसोतसो पढें र १० कक्षासम्म पुगें तर एसएलसी पास गर्न सकिनँ । त्यसमाथि मेरो बुबाले दोस्रो विवाह गरेपछि त जेठी छोरी भएकीले मैले नै मेरो परिवार (आमा र भाइ) को हेरचाह गर्नुपर्ने भयो । म गाउँमै हुँदा एकजना आफन्तले निःशुल्क तालिमबारे सुनाएपछि जसोतसो काठमाडौं आएँ र कफी बनाउनेसम्बन्धी सो तालिमका लागि आवेदन गरें । म तालिममा छनौट पनि भएँ ।

**तालिमपछिको रोजगारीको अवस्था**

तालिमका सुरुका केही दिन कुरा बुझ्न निकै असजिला रहे । किनभने धेरैजसो अङ्ग्रेजी र केही इटालियन शब्दहरूसँग परिचित हुन मैले निकै संघर्ष गर्नुपर्‍यो । तर, पछि व्यावहारिक कक्षामा तिनलाई मैले सजिलो गरी नै पछ्याएँ । तालिम सकिएपछि मैले काठमाडौंको ठमेलमा एउटा राम्रै नाम चलेको कफी पसल 'हिमालयन बेञ्ज'मा काम पाएँ ।



*यूके एडको सहयोगमा 'इम्प्लोईमेन्ट फण्ड कार्यक्रम' अन्तर्गत कफी बनाउने डेढ महिने तालिममा भाग लिएर रोजगार बनेकी १८ वर्षीया कामना कटुवाल*

त्यहाँ मैले धेरैजसो विदेशी ग्राहकहरूसँग व्यवहार गर्नुपर्थ्यो, जो निकै चुनौतीपूर्ण पनि थियो । त्यसपछि मलाई मेरो रोजगारदाताले त्यसकै शाखामा काम गर्न काठमाडौंकै सुन्धाराको सिभिल मलमा खटाए । त्यहाँ चाहिँ धेरैजसो नेपाली ग्राहकहरू नै हुँदा रहेछन् । अहिले विस्तारै मैले मेरा सीपहरूमा थप सुधार ल्याइरहेकी छु । म अहिले ग्राहकहरूसँग संवाद गर्नसक्ने भएकी छु साथै कफीका विभिन्न प्रकारहरू पनि तयार पार्दै आएकी छु । दैनिक आठ घण्टाको काम बराबर महिनाको ६ हजार ५ सयको कमाइले मलाई सन्तुष्टि पनि मिलेको छ । बरिस्ता (कफी बनाउने) सीपले मेरो जिन्दगी पुरै बद्लिएको छ ।

-------

## आय आर्जन क्रियाकलापले जीवनमा परिवर्तन आयो



*लल्कीदेवी ऋषिदेव, ३५ वर्ष*

*गडीतोल, औरावनी गाविस, सुनसरी*

लल्कीदेवी ऋषिदेवको परिवारमा रिक्साचालक श्रीमान् एवम् १६ र १२ वर्षका दुई छोराहरु छन् । छोराहरु क्रमशः कक्षा ९ र ५ मा अध्ययन गरिरहेका छन् ।

उनका श्रीमान् पहिले आफ्नै रिक्सा नभएकाले अर्केको रिक्सा चलाउँथे । यस्तै परिस्थितिमा यूके एडको सहयोगमा सञ्चालित समुदाय सहयोग कार्यक्रमबाट खसीको मासु बिक्री गर्ने सानो व्यवसाय चलाउन

लल्कीदेवीले ७,२०० रूपैयाँ

आर्थिक सहायता प्राप्त गरिन् । त्यसपछि सो रकम लगानी गरेर लल्कीदेवीले मासु बिक्री गर्ने व्यवसायबाट आजभोलि मासिक रु.६००० देखि रु.१०,००० कमाउन थालेकी छिन् ।

परिणामस्वरुप, उनका श्रीमान् अहिले आफ्नै नयाँ रिक्सा किन्न सफल भएका छन् । यसबाहेक, लल्कीदेवीको नयाँ आय आर्जनले घरायसी खर्च र छोराहरुको विद्यालय शुल्कको व्यवस्था गर्न योगदान पुगेको छ । उनीहरुको दैनिक बचत रु.१०० देखि ५०० सम्म हुन्छ । आजसम्म उनीहरुको पारिवारिक बचत रु.१४,००० भइसकेको छ । उनी आफूजस्ता अवसरविहीन मानिसको जीविकोपार्जनमा सुधार ल्याउन नागरिक सचेतना केन्द्र ( सीएसी)को आवश्यकता अझै रहेको बताउँछिन् ।

हाल, लल्कीदेवी ज्यादै खुशी छिन् किनभने आयआर्जनका साथै समाजमा उनले प्रतिष्ठा पनि प्राप्त गरेको अनुभूति गरिरहेकी छिन् ।

ANNEX A

# DFID NEPAL BILATERAL PORTFOLIO INFORMATION for 2013/14[1]

| | Programmes / projects | Implementing partner | Total DFID Commitment | Total DFID expenditure FY 13/14 | Amount through GoN (On Treasury and Off Treasury) | Location | Latest Output Score | Risk | Results 2013/14 | Comment |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **GOVERNANCE AND SECURITY** | | | | | | | | | | |
| 1 | Nepal Peace Support | Nepal Peace Trust Fund (GoN), UNPFN&UNDP | £33,000,000 (2012-15) | £7,280,464 | £4,000,000 | Nationwide | A | Medium | • 9,776,703 people voted in the election supported by DFID | Operational |
| 2 | Security and Justice for the Poor | TBC | £35,500,000 (2014-18) | £67,961 | | Nationwide | N/A | High | Too early | Design |
| 3 | Nepal Local Governance Programme | GoN | £70,100,000 (2013-17) | £5,186,503 | £4,000,000 | Nationwide | N/A | Medium | Too early | Started December 2013 |
| 4 | Risk Management Office (Old) | RMO, co-funded with GIZ | £1,555,810 (2002-13) | £59,818 | | Nationwide | A | Low | ▪ Risk Management Office enables DFID/GIZ programmes to work safely and effectively with our exacerbating conflict and where possible contributing to peace building opportunities | Completed September 2013 |

[1]This represents aid channelled through the DFID Nepal office as bilateral aid for Financial Year 2013/14 (1st April 2013 to 31st March 2014)

| | Programmes / projects | Implementing partner | Total DFID Commitment | Total DFID expenditure FY 13/14 | Amount through GoN (On Treasury and Off Treasury) | Location | Latest Output Score | Risk | Results 2013/14 | Comment |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 5 | Risk Management Office (New) | RMO, co-funded with GIZ | £700,000 (2013-16) | £123,000 | | Nationwide | N/A | Medium | • Promotes the integration of Risk Management and Safe and Effective Development (SED) approaches into DFID programmes. | Started October 2013 |
| 6 | Enabling State Programme | DFID appointed contractor GRM International | £34,451,088 (2001-13) | £4,462,570 | | Nationwide | A+ | High | • Rights and issues of marginalised and excluded communities addressed well in the new Constitution<br>• Increased participation of women, Dalits, Janajatis and representatives of marginalised communities in local and national institutions, including political parties<br>• Community-led mediation provides increased access to justice for women, poor and marginalised people in southern part of Nepal | Complete Dec 2013 |

| | Programmes / projects | Implementing partner | Total DFID Commitment | Total DFID expenditure FY 13/14 | Amount through GoN (On Treasury and Off Treasury) | Location | Latest Output Score | Risk | Results 2013/14 | Comment |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 7 | Support to UNICEF Women's Para Legal Committee | UNICEF | £6,510,000 (2009-14) | £556,687 | | Nationwide | B | Low | • 21,757 women and girls with improved access to security and justice service through DFID support | Operational |
| 8 | Public Financial Management and Accountability | ADB | £8,000,000 (2012-16) | £680,753 | £254,544 | Nationwide | B | Medium | • MOFALD piloting performance Measures in 150 VDCS<br>• 5 fiduciary risk assessments and 1 annual statement of progress completed | Operational |
| 9 | Public Financial Management | World Bank | £3,600,000 (2011-14) | £900,013 | £900,000 | Nationwide | A | High | • Treasury Single Account rolled out to all 75 districts<br>• Operational Risk Assessment of PFM produced<br>• Five Social Accountability training for 158 participants from 138 CSOs | Operational |
| | | | **£193,416,898** | **£19,317,769** | **£9,154,544** | | | | | |

| | Programmes / projects | Implementing partner | Total DFID Commitment | Total DFID expenditure FY 13/14 | Amount through GoN (On Treasury and Off Treasury) | Location | Latest Output Score | Risk | Results 2013/14 | Comment |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **SERVICE DELIVERY** | | | | | | | | | | |
| 10 | School Sector Reform Programme | GoN, EC | £14,520,000 (2009-14) | £3,873,752 | £3,746,781 | Nationwide | A | Medium | • 35,241 primary[2] education<br>• 14,038 lower secondary education<br>• 9,468 completing primary school | Operational |
| | | | **£14,520,000** | **£3,873,752** | **£3,746,781** | | | | | |
| 11 | Support to National Health Sector Programme II | GoN&DFID appointed contractor - Options | £72,700,000 (2010-16) | £22,185,610 | £18,000,000 | Nationwide | A | High | • 81,002 Unwanted[3] pregnancy<br>• 378,929 kids under 5 and preg women with nutrition programmes<br>• 24,836 SBA attended births<br>• 5,098 additional women using FP | Operational |
| 12 | Family Planning | DFID appointed contractor - Population Services International | £15,290,000 (2013-17) | £1,073,092 | £650,000 | Nationwide, plus pilots in 18 districts (TBD) | N/A | Low | • Service delivery models drafted to reach population with high unmet need for family planning | Inception Phase |
| | | | **£87,990,000** | **£23,258,702** | **£18,650,000** | | | | | |

[2] This is available data for 2012/13 and will have 2013/14 data during the next reporting year
[3] DFID only have data for 2012/13 now and will have 2013/14 during the next reporting year

| | Programmes / projects | Implementing partner | Total DFID Commitment | Total DFID expenditure FY 13/14 | Amount through GoN (On Treasury and Off Treasury) | Location | Latest Output Score | Risk | Results 2013/14 | Comment |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 13 | Local Governance and Community Development Programme (LGCDP) | GoN | £12,077,907 (2009-13) | 0 | | Nationwide | A | Medium | • 81% of local government projects for which public audits conducted<br>• 92,637 people supported to have choice and control over their development and to hold decision makers to account<br>• 90% VDC secretary operate from VDC HQ | Completed June 2013 |
| 14 | Community Support Programme - Phase 2 (CSP) | CARE Nepal &RRN | £20,000,000 (2010-14) | £6,012,938 | | Far and Mid-western region, Gorkha from western region, Sarlahi, Mahottari and Dhanusha from Central Region, Eastern Region | A+ | Low | • 2,416 direct jobs created by DFID support<br>• 134,251 people benefited from safe latrines<br>• 37,174 people with sustainable access to clean drinking water sources through DFID support<br>• 98,909 people with access to improved hygiene through DFID support | Operational |
| | | | **£32,077,907** | **£6,012,938** | | | | | | |

| | Programmes / projects | Implementing partner | Total DFID Commitment | Total DFID expenditure FY 13/14 | Amount through GoN (On Treasury and Off Treasury) | Location | Latest Output Score | Risk | Results 2013/14 | Comment |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 15 | Rural Water and Sanitation Programme | Gurkha Welfare Scheme | £14,194,000 (2012-15) | £1,250,000 | | Taplejung, Terhathum, Ilam Sankhuwasabha, Khotang, Udaypur, Solukhumbu, Okhaldhunga, Ramechhap, Nuwakot, Parsa, Dhading, Chitwan, Gorkha, Lamjung, Tanahun, Nawalparasi, Kaski, Syangja, Myagdi, Gulmi, Pyuthan, Rolpa | A+ | Low | • 7,939 people benefited from safe latrines<br>• 9,379 people with sustainable access to clean drinking water sources and improved sanitation facility through DFID support<br>• 7,514 people with access to improved hygiene through DFID support | Operational |
| | | | **£14,194,000** | **£1,250,000** | | | | | | |
| **INCLUSIVE WEALTH CREATION** | | | | | | | | | | |
| 16 | Support to the Employment Fund | Helvetas | £14,000,000 (2010-15) | £3,184,854 | | Nationwide | A+ | Low | • 12,028 direct jobs created by DFID support | Operational |
| 17 | Rural Access Programme Phase II | DFID appointed contractor: International Management Consulting | £39,687,849 (2008-13) | £2,825,951 | | Seven core districts - Doti, Achham, Dailekh, Sankhuwasabha, Terahathum, Bhojpur&Khotang. Seven Rural Transport Infrastructure Maintenance Pilot districts- Dadeldhura, Dailekh, Jhapa, Morang, Parbat, Sankhuwasabha& Sindhupalchowk | A+ | Medium | • 6,250 direct jobs created<br>• 2,230 km roads built and maintained<br>• Two 120m long steel truss bridges built<br>• Skills training for 4,134 persons<br>• 175 GoN officials trained | Complete November 2013 |

| | Programmes / projects | Implementing partner | Total DFID Commitment | Total DFID expenditure FY 13/14 | Amount through GoN (On Treasury and Off Treasury) | Location | Latest Output Score | Risk | Results 2013/14 | Comment |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 18 | Rural Access Programme 3 | DFID appointed contractor: International Management Consulting | £36,663,057 (2013-16) | £9,960,726 | £4,394,770 | Eight core districts - Humla, Mugu, Bajura, Kalikot, Jumla, Dailekh, Doti and Achham; Six Maintenance Pilot districts- Dadeldhura, Dailekh, Jhapa, morang, Parbat, Sankhuwasabha, and Sindhupalchowk; and two Karnali Employment Pilot districts – Jumla and Kalikot | N/A | Medium | • Overall implementation plan approved, Annual Road Asset Management Plan approved in all programme districts<br>• District consultants mobilized<br>• Mobilisation of road building and maintenance groups<br>• Implementation of policy and institutional building support plan<br>• Resources provided to District Development Fund for maintenance<br>• Karnali Employment Programme: 4 Centre of Excellence Pilots under implementation (testing new operational guidelines) | (Implementation started in November 2013) |
| 19 | Strengthening Road Safety in Nepal | GoN/World Bank | £5,000,000 (2013-15) | £4,500,000 | £4,500,000 | Nationwide | N/A | Medium | • GoN procurement process for safety barrier on-going | Started in December 2013 |

| | Programmes / projects | Implementing partner | Total DFID Commitment | Total DFID expenditure FY 13/14 | Amount through GoN (On Treasury and Off Treasury) | Location | Latest Output Score | Risk | Results 2013/14 | Comment |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 20 | Rural Reconstruction & Rehabilitation Sector Dev Programme (RRRSDP) | GoN/ADB | £13,326,573 (2007-13) | £2,031,591 | £1,842,693 | Dhankuta, Ilam, Jhapa, Morang, Panchthar, Sunsari, Bhaktapur, Chitwan, Dolakha, Kavre, Kathmandu, Lalitpur, Sindhuli, Sindhupalchowk, Manang, Mustang, Parbat, Rolpa, Rukum&Dadeldhura | B | Medium | • 22,427 direct jobs created by DFID support<br>• 232 Km length of roads built, upgraded and maintained by DFID support | Completed November 2013 |
| 21 | Centre for Inclusive Growth | DFID appointed contractor Adam Smith International | £17,700,000 (2009-14) | £6,780,619 | | Nationwide | A+ | High | • Nepal developed robust hydropower development capacity, including international standard PDA template, legal and commercial expertise and documents for PPP negotiation<br>• On-going special inspections of 50 banks<br>• Establishment of the NFRS training centre<br>• 25 joint secretaries completed training on leadership. Four more courses are scheduled. | Operational |

| | Programmes / projects | Implementing partner | Total DFID Commitment | Total DFID expenditure FY 13/14 | Amount through GoN (On Treasury and Off Treasury) | Location | Latest Output Score | Risk | Results 2013/14 | Comment |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 22 | Nepal Investment Climate Reform Programme | International Finance Corporation (IFC) | £4,679,841 (2009-14) | 0 | | Nationwide | A | High | • Nepal's private sector benefitted from 13 regulatory and admin reforms, helping them realize 25% reduction in time or cost<br>• Operationalization of online firms registration at the Office of Company Registrar<br>• Several working group meetings held at the Nepal Business Forum to generate legal and administrative reforms. | Operational |
| 23 | Great Himalayan Trail Development Programme | SNV | £2,445,063 (2010-13) | £303,998 | | Taplejung, Solukhumbu, Gorkha, Dolpa&Humla | A | Low | • 993 direct jobs created by DFID support | Completed December 2013 |
| 24 | Access to Finance Programme | GoN[4], Mercy Corps, Blueberry Hill Charitable Trust, Dolma Development Fund | £29,650,000 (2013-18) | £1,004,964 | | Nationwide | N/A | Medium | • 485 direct jobs created by DFID support<br>• 2,087 people with access to financial support as a result of DFID support | Operational |

[4] Nepal Government has signed MoU in June 2014 and the amount funding through government will be reflected in FY 2014-2015

| | Programmes / projects | Implementing partner | Total DFID Commitment | Total DFID expenditure FY 13/14 | Amount through GoN (On Treasury and Off Treasury) | Location | Latest Output Score | Risk | Results 2013/14 | Comment |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 25 | Nepal Market Development Programme | DFID appointed contractor Adam Smith International | £14,540,295 (2012-17) | £2,620,938 | | Nationwide | A | Medium | • Annual income of 300,000 small farmers and entrepreneurs increased by £80 | Operational |
| 26 | Accelerating Investment and Infrastructure in Nepal | TBC | £35,000,000 | £133,538 | | Manang, Humla, Dolpa, Kalikot, Mugu, Jajarkot, Bajhang, Bajura and Darchula | N/A | TBC | N/A | Design |
| | | | **£2012,692,678** | **£33,347,179** | **£10,737,463** | | | | | |
| **RESILIENCE AND RESULTS** | | | | | | | | | | |
| 27 | Nepal Climate Change Support Programme | GoN | £11,850,000 (2010-15) | £4,249,431 | £4,000,000 | Humla, Mugu, Dolpa, Bajura, Jumla, Jajarkot, Rukum, Achham, Dailekh, Rolpa, Kailali, Bardiya and Dang | A | Medium | • 709,127 people with climate and disaster resilience<br>• DFID funding supported 192,500 people with improved access to clean energy | Operational |
| 28 | Multi-Stakeholder Forestry Programme | SDC | £20,000,000 (2010-15) | £7,252,802 | | Bajhang, Achham, Kalikot, Dailekh, Jajarkot, Rukum, Salyan, Dang, Rolpa, Pyuthan, Baglung, Myagdi, Parbat, Kapilbastu, Rupandehi, Nawalparasi, Ramechhap, Okhaldhunga, Khotang, Bhojpur, Sankhuwasabha, Dahnkuta&Terahathum | A | Low | • 4,339 direct jobs created by DFID support<br>• 536,596 people with increased climate and disaster resilience<br>• 134,210 people lifted out of poverty<br>• 221,128 people with access to financial services as result of DFID support<br>• 536,596 people supported to cope with the effects of | Operational |

| | Programmes / projects | Implementing partner | Total DFID Commitment | Total DFID expenditure FY 13/14 | Amount through GoN (On Treasury and Off Treasury) | Location | Latest Output Score | Risk | Results 2013/14 | Comment |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | climate change<br>• 2,100 hectares where deforestation & degradation have been avoided | |
| 29 | Support to Build Earthquake Resilience in Nepal | UNDP, INGOs, ICRC&DFID appointed contractors | £21,964,980 (2011-15) | £6,104,986 | | Kathmandu, Lalitpur, Bhaktapur, Kaski, Taplejung, Panchthar, Kailali, Kanchanpur, Accham, Bajhang, Bajura, Doti, Baitadi, Dadeldhura, Darchula, Kalikot, Jumla, Humla, Dolpa, Mugu, Dailekh, Jajarkot, Surkhet, Rukum, Pyuthan, Dhankuta, Terathum, OIkhaldhunga, Udayapur, Gorkha, Dang, Banke, Salyan, Rolpa, Bardia, Ilam, Jhapa, Morong, Sunsari, Sankhuwasabha, Bhojpur, Solukhumbu, Khotang, Siraha&Saptari | A | Medium | • 180,794 people with increased climate & disaster resilience | Operational |

| | Programmes / projects | Implementing partner | Total DFID Commitment | Total DFID expenditure FY 13/14 | Amount through GoN (On Treasury and Off Treasury) | Location | Latest Output Score | Risk | Results 2013/14 | Comment |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 30 | Livelihoods and Forestry Programme | DFID appointed contractor (CIDT) | £25,872,400 (2001-12) | £39,616[5] | | Dang, Baglung, Myagdi, Parbat, Kapilbastu, Rupandehi, Nawalprasi, Bhojpur, Sankhuwasabha, Dhankuta, Taplejung, Tehrathum, Pyuthan, Rolpa, Rukum | A+ | Medium | • More than 660,000 (53%) of households benefitted in LFP districts<br>• 1,326,000 people lifted out of poverty in LFP area<br>• 700,000 tonnes of carbon captured annually from community forests in LFP areas | Completed Dec 2012 |
| | | | **£79,687,380** | **£17,646,935** | **£4,000,000** | | | | | |

| | | |
|---|---|---|
| **Bilateral Framework:** | **£104,707,175** | **£46,288,788** |
| **Total UK Aid:** | **£104,707,175** | |

[5] Programme was completed in FY 2012/13 but the outstanding payment was reflected in FY 2013/14

ANNEX B

| DFID PORTFOLIO SUMMARY APRIL 2013 TO MARCH 2014 | |
|---|---|
| **Disbursements** | |
| DFID Bilateral Aid | £104,707,175 |
| UK Multilateral Debt Relief Initiative | £0 |
| **Total UK Aid to Nepal during 2013/14**[6] | **£104,707,175** |
| Funds disbursed through GoN(on and off treasury) | *£46,288,788*<br>*44% of Bilateral Aid* |
| | |
| **DFID Bilateral Aid during FY13/14** | |
| Number of projects and programmes operational | 27 |
| Projects and programmes completed during the year | 6 |
| New projects and programmes started during the year | 5 |
| Programmes implemented with GoN | 7 |
| Programmes implemented with Multilateral Agencies | 6 |
| Programme implemented by INGO's and NGO's | 6 |
| Programmes rated as 'High Risk' | 5 |
| Number of Reviews conducted to assess performance | 18 |

[6] *based on the UK Fiscal Year*